CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दुत्व-जिज्ञासा

हिन्दुत्वलाई खाक तुल्याएर हिन्दूसंगठन गर्ने
विडम्बनाको विरुद्ध एक अभिव्यक्ति !

नेपाल राष्ट्रिय अभिलेखालय
संकलन नं. २४०/१९२/३०

-पूर्णप्रसाद ब्राह्मण

Jayatu Sanskritam, Kathmandu, Nepal

. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दुत्वजिज्ञासा

अथातो हिन्दुत्वजिज्ञासा

(सूत्र १)

१. अथ = उपनयनादि पूरा भएपछि । अतः = आजीवन निर्वहन गर्नुपर्ने हिन्दुकर्तव्यविषयक ज्ञान गर्नुपरेको कारणले । हिन्दुत्वजिज्ञासा = (नित्य नैमित्तिक कर्म, यज्ञयागादि, सदाचार, निष्ठा आदि) हिन्दुहरूका विधिविधानको जिज्ञासा प्रारम्भ गरिन्छ ।

किनभने विश्वमा हिन्दू जाति नै यस्तो जाति हो, जो 'ब्रह्म सत्यं जगन्मिथ्या' खास यस दर्शनबाट प्रभावित छ । जसले दैनिक जीवनका हरेक साधारण अतिसाधारण क्रियाकलापहरू (भोजन, शयन, गमन आदि) मा समेत आध्यात्मिक भावना राखेछ र चार पुरुषार्थमध्ये 'काम' नामक पुरुषार्थ (ग्राम्यधर्मादिभावना) लाई पनि जसले धर्माविरुद्ध नै हुनुपर्दछ भनेर (विश्वका अरू कुनै पनि धर्म संप्रदाय र संस्कृतिहरूमा नसोचिएको कुरा) आग्रह गरेको छ । "धर्मस्तमनु गच्छति" जसले धर्मलाई मात्र आपनो अन्त्य अन्त्यसंमको सहायक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संझेको छ ।

सन्ध्या स्नानं जपो होमो देवतानां च पूजनम्
आतिथ्यं वैश्वदेवं च षट् कर्माणि दिने दिने

जसले उपर्युक्त स्नान सन्ध्या आदि षट् कर्मलाई नै दिन-चर्या तुल्याएको छ । 'यद् वै मनुरवदत् तद् भेषजम् 'भनुले भने पछि ब्रह्मवाक्य नै संक्षिप्त भएकोले जसको धारणामा जपबाटै सिद्धिलाभ अर्थात् मोक्षप्राप्ति हुन्छ भन्ने छ –

जप्येनैव हि संसिध्येत् ब्राह्मणो नाऽस्ति संशयः– मनुत्यस हिन्दू जातिले आफ्नो हिन्दुत्वनिर्वहणको लागि सचेत भएर शास्त्रोक्त आफ्नो विधिविधानको वारेमा जिज्ञासा राख्नु स्वाभाविक नै हो ।

किञ्च – 'अमृतस्य पुत्राः ' भनेर वेदले समस्त प्राणीहरूमध्ये जुन मानवश्रेष्ठताको प्रतिपादन गरेको छ, त्यस श्रेष्ठतालाई हिन्दू जातिले आफ्नै श्रेष्ठ आचार विचार परंपराको कारण प्राप्त गरेको हो । सदाचार नै मानवजीवनको सारसर्वस्व हो । " आचारहीनं न पुनन्ति वेदा' आचारः प्रथमो धर्मः "यसरी सर्वप्रशंसित शास्त्रोक्त आचारविचारपरंपरा नै हिन्दुजातिको असाधारण विशेषता हो । त्यस कारण उपनयनसंस्कार आदि पूरा भए पछि ' परत्र सुधारको लागि ' हिन्दूहरूले आजीवन गर्नुपर्ने श्रुतिस्मृतिप्रतिपादित समग्र कर्म, सदाचार र निष्ठाहरूको ज्ञान गर्नुपरेकोले कस्ता कर्म, सदाचार र निष्ठाहरू हिन्दुत्वका अपरिहार्य एवं अविच्छेद्य अङ्गहरू हुन्, तिनको निर्धारण नै यस मीमांसाको प्रयोजन हो ।

हिन्दुत्वार्थं समाख्यातुं मीमांसायाः प्रयोजनम्

२. " परत्र सुधारको लागि ! "– उपर्युक्त मीमांसा सर्वांशमा गलत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । दृष्ट फलको अनादर गरेर अदृष्ट फलको कल्पना गरिरहनु सोह्रै आना अन्याय हो । किन्तु–जुन हिन्दूधर्मले दृष्ट विश्वप्रति कसैले पनि विराग, उपेक्षा र अनादरको भाव नराखोस्, यो दृष्ट विश्व नै भगवद्रूप हो, परम प्राप्तव्य हो भन्ने संकेत त्यसप्रति स्नेह, ममता र सेवाको भाव राखोस् भन्ने आशयले आकाश वायु, अग्नि, पृथ्वी, ज्योतिश्चक्र, सारा प्राणिविशेषहरू दिशाहरू, वृक्षवल्लीहरू, नदनदीहरू, समुद्रहरू र यीवाहेक अरू पनि यच्च यावत् स्थावर वा जङ्गम तत्वहरू सबमा भगवद्-भावना राख्ने निर्देशन दिन्छ ।

खं वायुमग्निं सलिलं महींच ज्योतींषि सत्वानि दिशो द्रुमादीन्
सरित्समुद्रांश्च हरेः शरीरं यत्किञ्च भूतं प्रणमेदनन्यः

र 'विश्वं विष्णुर्वषट्कारः' भनेर आपनो परम आराध्य भगवान् विष्णुको सहस्र नामहरूमध्ये पहिलो नामग्रहण गर्दा नै जसले 'विश्व' लाई संकेत्छ, त्यस धर्मलाई अदृष्टफलक र 'परत्र सुधा रको लागि' मान्नु बौद्धिक शून्यताको परिचय दिनु हो । अर्को लौकिक भनाइ पनि छ–"अक्के चेन्मधु विन्देत किमर्थं पर्वतं व्रजेत् ?" –नजीकै सजिलैसंग महं पाइहालिन्छ भने व्यर्थको खतडा मोलेर पहाडको भिर भिरमा को चाहिरहोस् ! यही लोकमा, यसै जीवनमा हिन्दुत्वको ज्ञान र त्यसको नीतिमत्तापूर्ण विनियोगबाट कत्रा कत्रा व्यावहारिक उपलब्धिहरू गर्न सकिन्छ । आजको युगमा व्यर्थ यसलाई किन परत्र सुधारको लागि भनेर दुनियाको दृष्टिमा अव्यावहारिक छ भनेर प्रमाणित गर्ने ? अतः हामी हिन्दूहरूले वर्तमान युगको प्रगतिशील वातावरण र आफ्नो उन्नतिविकासहीन स्थितिलाई विचार गर्दा जिज्ञासासूत्रको 'हिन्दूत्व' शब्दको अदृष्टपरक व्याख्यामा कुनै औचित्य र व्यावहारिकता छैन । युग र परिस्थितिको अनुकूल निम्नप्रकारक व्या-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ–विश्वमा एकातिर हिन्दू धर्मको ह्रास, पतन र अर्कोतिर हिन्दूहरूको अल्पसंख्यक स्थिति देखेपछि। अतः–हिन्दूधर्मको उक्त ह्रास र पतनलाई रोक्न अल्पसंख्यक हुंदै गएको हिन्दूहरूको संगठनलाई विस्तृत र सबल पार्नु पर्ने आवश्यकता भएकोले। हिन्दूत्वजिज्ञासा–त्यस हिन्दूत्वको जिज्ञासा सान्दर्भिक छ, जुन हिन्दूत्वको व्याख्या स्थिति र आवश्यकतावश आर्यपरिवारकै अङ्ग, शाखा भएकाले जैन, बौद्ध र सिखहरूले समेत हिन्दू संगठनभित्र पस्न सक्ने उपपत्तिको हुनुपर्दछ। अभिलषित व्याख्याको औचित्य र व्यावहारिकतामा तथ्य के छ भने-वर्तमान समयमा विश्व तीन शिविरमा विभक्त भएको छ। तिनीहरूमध्ये एउटा शिविरले धर्मतत्वप्रति आदर र सँमानै देखाउंछ। अर्कोले चाहिं धर्मतत्वप्रति अनादर, तिरस्कार मात्र होइन, निर्मूलन नै गर्न चाहन्छ। तेस्रो शिविरमा पनि धर्मतत्वप्रति घृणा र द्वेष गर्ने तत्त्वकै प्रमुखता छ। फेरि धर्मतत्त्वकै आदर भएको शिविरमा पनि पर्याप्त भौतिक सामग्रीको बलको आधारमा हिन्दूइतर धर्मकै बढ्दा चहलपहल छ। त्यसमाथि कतिपय कमजोरीवश हिन्दूधर्मको ह्रास पतन दिन प्रतिदिन एकातिर स्वतः बढ्दो छभने, अर्कोतिर विधर्मीहरूद्वारा नाना प्रलोभन दिएर हिन्दूधर्मीहरूलाई धर्मपरिवर्तन गराएर अल्पसंख्यक तुल्याउदै लैजाने षड्यन्त्रको क्रम पनि निरन्तर जारी नै छ। अतः वर्तमान विश्वमा हिन्दूहरूको संख्या बढाउनु र हिन्दूधर्मको ह्रास र पतनको क्रमलाई रोक्नु आजको हाम्रो प्रमुख कर्तव्य हुन आएको छ। अतः सनातन धर्ममै अधिष्ठित, आर्यपरंपराकै अङ्ग भएको हुनाले र हिन्दूधर्मकै शाखा भएको हुनाले जैन, बौद्ध र सिख धर्महरूलाई समेत हिन्दू संगठनभित्र हालेर हिन्दूसंख्या बढाउने, हिन्दूएकता कायम गर्ने र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक बृहत् हिन्दूसंगठन तयार पार्ने आजको हाम्रो संकल्प छ। यसबाट एकातिर हाम्रो हिन्दुधर्म विश्वमा आफ्नो प्रतिष्ठाका साथ जीवित रहन सक्तछ भने अर्कोतिर उक्त विभिन्न धर्म संप्रदायहरूका बीच सदा वर्तमान पारस्परिक प्रतिस्पर्धा, वैमनस्य र वैरसंघर्षको सदा अशान्तिकारक तिक्त परिणामबाट जनताले मुक्ति पाउन सक्तछ। अतः हिन्दूहरूले यही सामयिक धर्मनीतिको अनुकूल भएर, आफ्नो त्यो पुरानो आग्रह छोडेर, युगानुरूप परिवर्तनप्रिय भएर, हिन्दूत्व कस्तो हुनुपर्दछ, त्यसको नवीन व्याख्याको जिज्ञासा गर्नु सान्दर्भिक छ।

३. शान्तं पापम्! धिग्व्यापकं तमः! यो त कुन गलत मीमांसा भयो। किनभने संगठनात्मक दृष्टिले हिन्दुत्वको नयां व्याख्या गर्ने, परिवर्तनप्रिय भएर र पुरानो आग्रह छोडेर अरू धर्मसंप्रदायसंग मिल्दोजुल्दो हुन आफ्ना विशेषताहरू छोड्ने कुरा आयो / व्यक्ति वा धर्म कसैको पनि आफ्नो कुनै एक विशेषता नै त्यसको अस्तित्व हो। त्यसैको आग्रह छोडने भएपछि हिन्दूधर्मको अस्तित्व कसरी रहने र त्यो स्थितिमा प्रतिष्ठा भन्नु के बांकी रहन्छ र त्यसलाई राख्ने भनेको हो केही बुझिदैन।

तथा च– जहांतक संगठनात्मक दृष्टिले हिन्दुत्वको नयां व्याख्या गर्ने प्रश्न छ – वृद्ध स्मृतिमा बताएको हिन्दुलक्षणले "वेदगोप्रतिमासेवी स हिन्दुसुखशब्दभाक्" – बेद, गाई र मूर्ति मान्ने हिन्दू हुन्छ भनेको हो कि, हिन्दूले वेद, गाई र मूर्ति मान्नू भनेको हो? 'पत्नी वस्त्रं धावेत्' भन्दा पत्नीले लुगा धुनू भनेको हो कि, लुगा धुने छोरी बहिनी जो होस्, पत्नी हुन्छे भनेको हो? पुरानो व्याख्यालाई मान्यता दिने हो भने हिन्दू पंक्तिमा नगनिएको व्यक्ति अब पनि हिन्दू हुन सक्तैन। नयां

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याख्यालाई मान्यता दिने होमने वेद, गाई र मूर्ति मानिदिए– पछि जापानी, तिब्बती, चाई जो पनि हिन्दू हुन सक्ने भए। यस्तो सस्तो धार्मिक हिन्दूभर्तीकेन्द्र खोलेर हिन्दूधर्मको रहस्य कता छ, दिव्यता कता छ ? हिन्दूधर्मको सिद्धान्त, दर्शन र आदर्शलाई जीवित राख्छौं भन्नु हास्यास्पद कुरा हो । वर्णाश्रमधर्मानुकूल आचारविचारद्वारा जीवन व्यतीत नगर्ने, वेदशास्त्रलाई आफ्नो धर्मग्रन्थ नमान्ने कुलपरम्पराको, गाईप्रति मातृभावना नराख्ने व्यक्ति कतै हिन्दू हुन सक्छन् ?

अर्कोतिर हिन्दूधर्म जस्तो विराट् भावनाको प्रसङ्ग छ, चर्चा छ । यसलाई दृष्टफलक हो कि अदृष्ट फलक हो ? अनेक सन्देह विकल्प गर्नु ! यो पनि आफ्नै अज्ञानको विज्ञापन हो । जसको (हिन्दूधर्मको) दूरदर्शनको अप्रतियोगी प्रभाव इह, परत्र, ज्ञातव्य, कर्तव्य, प्राप्तव्य सबतिर पुगेको छ – के दृष्ट, के अदृष्ट !

यज्ज्ञात्वा ज्ञातव्यं नाऽवशिष्यते !
यत्कृत्वा कर्तव्यं नाऽवशिष्यते !
यत्प्राप्य प्राप्तव्यं नाऽवशिष्यते !

भावनाको दृष्टिले सिद्धान्तको दृष्टिले विश्वप्रसिद्ध, सर्वातिशायी, महामहिमातिशयशाली हाम्रो हिन्दूधर्म जहाँसंम सूर्यचन्द्र छन् यो विश्वब्रह्माण्ड छ, कहिल्यै मर्दैन । आफू जीवित रहनको लागि यसले कुनै अरू संगठनको सहारा लिन पर्दैन । म एक्लो छु, सहायहीन छु भनेर वनको राजा सिंहले जस्तो चिन्ता गर्दैन, त्यस्तै हिन्दूधर्मले पनि आफूलाई असहाय र निर्बल संझेर कहिल्यै चिन्ता गर्दैन । किनकि संस्कृत भाषाको अजर अमर ज्योतिले हरबखत यसलाई आलोकित गरेको छ । यसैले विश्वैले योसंग आशा लिनुपर्ने कुरा धेरै छ । जस्तो कि वर्तमान युगमा विश्वमा राष्ट्र, विश्व सबैका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निति यो हिन्दूधर्म कृति उपकारक छ भन्न कुरा निम्नलिखित पँक्तिहरूले व्यक्त गर्दछन् – पहिलो कुरा,, हिन्दूधर्म वैयक्तिक स्वार्थभावनालाई प्रश्रय दिदैन । 'सर्वे भवन्तु सुखिनः' यस किसिमको सामूहिक कल्याण र राष्ट्रिय समृद्धिको लागि बलप्रदान गर्दछ ।

(क) ते त्वघं भुञ्जते पापा ये पचन्त्यात्मकारणात् ।
(ख) केवलाघो भवति केवलादी ।
(ग) यावद्भ्रियेत जठरं तावत्स्वत्वं हि देहिनाम् ।

अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति । इत्यादि

हिन्दूधर्मले संस्कृतबाट आलोकित विश्वशान्तिको मार्ग पक्रेर विश्वभ्रातृत्वभावनाको, स्थितप्रज्ञदर्शनको अर्थात् 'विश्व मेरो घर हो' यस भावनाको सार्वभौम प्रचारप्रसार गर्दछ–

(क) मित्रस्य चक्षुषा समीक्षामहे ।
(ख) यत्र विश्वं भवत्येकं नीडम् ।
(ग) वसुधैव कुटुम्बकम् इत्यादि ।

हिन्दूधर्मले 'कामोपभोगपरमाः, यस भौतिकवादी भोगप्रधान संस्कारको विरूद्ध संस्कृतनिर्विष्ट त्याग र उत्सर्गको भावनालाई जागरित गरेर मानव मात्रलाई शाश्वत सुखमय आत्मशान्तिको लक्ष्यमा पुऱ्याउन क्षणभङ्गुर, ऐहिक, भौतिक वैभवप्रतिको आसक्तिबाट मुक्त बनाउन चाहन्छ–

(क) न वित्तेन तर्पणीयो मनुष्यः ।
(ख) तेन त्यक्तेन भुञ्जीथाः ।
(ग) न कर्मणा, न प्रजया, धनेन त्यागेनै के अमृतत्वमानशुः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इत्यादि

उपर्युक्त आपना अमूल्य देनहरूले गर्दा – 'गुणः खलु अनुरागस्य कारणं न बलात्कारः' अघि पनि विश्वको नें अनुराग हिन्दूधर्मले प्राप्त गरेको थियो, अनुकूल संस्कृत – भाग हामीले पक्कन सक्यौं भने अब पनि प्राप्त गर्नेछ । आफू जीवित रहनको लागि यसले कसैसंग मिलन पनि पर्दैन, कसैलाई मिटाउन पनि पर्दैन । यो हिन्दूएकतासंस्थापनयोजना अकाण्डताण्डव हो । यसका आयोजकहरूले "पञ्च लिङ्गानि जाड्ये" "न गच्छेज्जैनमन्दिरम्" बौद्धान् आबालवृद्धकान्" यस्ता कटु अभिव्यक्तिहरूले भरिएका विश्वका पुस्तकालयहरूलाई नजलाएसंम, र युग युगका ती ती शास्त्रार्थकेसरी, मूर्धन्य दार्शनिक शङ्कर, कुमारिल, दिङ्नाग, धर्मकीर्ति आदि र तिनका शिष्यप्रशिष्य हामी सबैलाई पागल घोषित नगरेसंम स्यात् यो योजना सफल हुन गाह्रो छ । तिनमने प्रस्तुत एकताका आयोजकहरू जस्ता विद्वान, चतुर, धार्मिक खेलाडीहरू अवश्य पनि संख्यामा थोरै अति थोरै हुनुहुन्छ । हामी जस्ता सोझा अज्ञानीहरू करोडौंको संख्यामा छौं – "न बुद्धिभेदं जनयेत् अज्ञानां कर्मसङ्गिनाम् !"

मैले यो केवल आफ्नो हिन्दूधर्मको निम्ति मात्र होइन, विश्वमा अजर अमर दर्शन, आदर्श र विशेषता राख्ने आएका महात्मा महावीर, महात्मा बुद्ध, महात्मा गुरु नानक र तिनका मतावलम्बी स्वनामधन्य प्रातःस्मरणीय भिक्षुहरू, श्रमणहरू र भक्तहरूको जीवनभरिको पवित्र तप, त्याग र उत्सर्गको पवित्र स्मरण गर्दै बौद्धधर्म, जैनधर्म र सिखधर्मको निम्ति पनि यो आफ्नो उद्गार व्यक्त गरेको हुं । किनकि कसैको पनि सैद्धान्तिक हिंसा नहोस् । कसैको पनि विचारस्वातंत्र्य नखोसियोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किञ्च, व्यावहारिक दृष्टिले पनि हेरूँ– जसको धर्ममार्गको मीमांसा अलग छ । विचारपद्धति अलग छ, नियमहरू अलग छन् । जसमध्ये कोही देवदेवता नमान्ने छन्, कोही शिक्षासूत्र वर्णव्यवस्था नमान्ने छन्, कोही अवतार, मन्त्रशास्त्र, श्राद्ध तीर्थ नमान्ने छन्, कोहीचाहि यी सबै कुरा मान्ने पनि छन् । यस्ता विभिन्न धर्महरू कसरी एकै पंक्तिमा मिलेर बस्छन् ? औंलोमा पसे पनि पूर्णिमामा त अवश्य छुट्टिन्छन् । यो एकता–योजनाको एउटा कुनै लक्ष्य त अवश्य छ । लक्षसिद्धिको नगीच पुगेपछि नेतृत्वको, श्रेयको लागि अवश्य पनि तँ र म हुनैपर्दछ । सतीत्व गुमाएर अर्को घर गर्न गएकी व्यभिचारिणीले नयाँ घरको अंश-वण्डामा दारा धसे झैं नेतृत्व वा श्रेयको अंशवण्डामा कोही तल पर्न चाहँदैनन्, जब कि आफ्नो धर्मतत्त्वलाई, त्यत्रो स्वार्पण-यज्ञलाई लत्याएर नयाँ घरमा पसेका छन् ! एक दिन 'लशुनमपि भक्षितम् रोगोऽपि न नष्टः' यो त हुन्छ, हुन्छ ।

अब यो भन्दा पनि एक सिंडी उक्लेर मीमाँसा गर्ने होभने निम्नलिखित अभिव्यक्ति गर्न बाध्य भइन्छ–

१. ओंकार, गौ, वेद, गङ्गा, आदि हिन्दू आदर्शचित्रका विषयहरूलाई नमान्ने अहिन्दूलाई हिन्दूको पंक्तिमा परिगणित गर्नु हिन्दूत्वलाई सस्तो तुल्याएर अवमूल्यन गर्नु हो र उक्त अहिन्दूधर्म, संप्रदाय-हरूको पनि सैद्धान्तिक हिंसा गर्नु हो ।

२. कसैले हिन्दूसंगठनचित्र तं परिस् भन्दैमा कुनै अहिन्दुले हिन्दू भएं भनेर सन्तोष लिन्छभने त्यसले आफ्नो अघिल्लो जातिप्रति वा संप्रदायप्रति घृणा र अपमान गरेको ठहर्छ । अक्षम्य त्यस अपराधको निंति त्यसलाई के सजाय दिने हो, ईश्वरसंगै सोध्नु-पर्छ । आजसम्म सुने जानेका कुनै दण्डविधानले पनि त्यसलाई सजायं पुऱ्याउन । किनकि कुनै जातिलाई पनि कसैले पनि (आफैले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि) घृणा एं अपमान गर्न हुंदैन।

३. कसैले आफ्नो धर्मलाई बलियो बनाउने मनेर अर्को धर्मको सहारा लिन्छभने सहारा लिने दिने दुवै व्यक्ति विश्वका विशिष्ट श्रेणीका महामूर्ख हुन्। धर्मतत्व नबुझ्ने तो दुवले कुनै धर्मको चर्चा गर्नु पनि बेकार छ। किनकि जनताको समुदाय वा संख्याको बल र मूल्य एक छभने धर्मभावनाको बल र मूल्य करोड र अरब मात्र होइन, अनन्त र असीम छ। सिद्धान्त र दर्शनलाई एकतिर पन्छाएर संगठन नै धार्मिक उन्नतिको निशानी हो भन्ने कुरालाई अघि न महात्मा बुद्धले विश्वास गरे, न महावीरले, न नानकले। न त हाम्रा ऋषिमहर्षिहरूले। आजभन्दा पचास खण्ड अनुयायीहरू घटे तापनि जैन, बौद्ध र सिखधर्महरू पनि अबको विश्वमा मिट्न सक्तैनन्। किनकि उनीहरूका पनि दर्शन, आदर्श र सैद्धान्तिक विशेषताहरूले विश्वमा एक विशिष्ट स्थान ओगटिसकेका छन्।

यो हिन्दू-एकता संस्थापक योजना विभिन्न धर्मसंप्रदायहरूबीच यदा कदा भइरहने पारस्परिक वैमनस्य र प्रतिस्पर्धाजनित संघर्षहरूको निर्मूलनको निति हो भन्ने अभिव्यक्ति पनि कसैकसैको पाइयो। तर यो कुनै बलियो कारण होइन। मुस्लिम हरूसंगको एकताको कुरा भए त्यसो भन्न पनि सुहाउथ्यो। कुनै माथुक विद्वानहरूको अभिव्यक्तिचाहिं हिन्दूएकतायोजना हिन्दूधर्मको उदारताको प्रदर्शनको लागि हो भन्ने पनि छ। त्यस अभिव्यक्तिले न हिन्दूधर्मलाई त्यस हास्यास्पद बूढो गाईसंग दांज्न पुग्याउंछ, जो मिल्दोजुल्दो हुनको लागि आफ्ना सिङ मांचेर आफ्नै बाच्छासंग उफ्रेर खेल्छे। आफ्नो नैतिक अस्तित्वलाई नै मिटाइदिने यस्तो उदारताको कहीं पनि प्रशंसा हुंदैन। आत्मबान,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं सिद्धान्तनिष्ठ व्यक्तित्वहरूको आचरणबाट हामीले यस्तो कुराको शिक्षा लिनुपर्दछ । सन्त विनोबा भावेज्यूलाई भूदानयज्ञ-निमित्तक पदयात्राको क्रममा एउटा मुस्लिमबस्तीमा रहनुभएको बखत यस्तो सामूहिक अनुरोध आयो कि "आजको सायंप्रार्थना कुरानका तौरेतहरू पढेर प्रारंभ गरियोस्" । तर विनोबाज्यूले स्पष्ट भनिदिनुभयो कि – 'तपाईंहरूले आफ्नो कुरानको तौरेतै बाट प्रार्थना प्रारंभ गर्नु पर्दछ, मैले एक सनातनी हिन्दूधर्मी भएको नाताले उपनिषदकै मन्त्रहरूको पाठ गरेर प्रार्थना प्रारम्भ गर्नु-पर्दछ । तत्र धार्मिक सांस्कृतिक व्यतिक्रम हुन्छ ।" यसैलाई भन्नु-पर्दछ–सिद्धान्त, यसैलाई भन्नुपर्छ– आत्मबल !

"द्रुमसानुमतां किमन्तरं यदि वायौ द्वितये ऽपि ते चलाः !

कालिदासले भनेका छन्– हावा लाग्दा दुवै हल्लिन्छन् भने रूख र पहाडमा के अन्तर भयो ?' । यति किन कमजोर उदारता का प्रयोगहरूलाई इतिहासले नै असफल र ह्रास्वास्पद सिद्ध गरि-दिइसकेको छ – विश्ववन्द्य महात्मा गान्धीजीले महात्मताबश हिन्दू मुस्लिम भाइ भाइ भन्दाभन्दै भारत टुक्रियो । त्यस्तै राज-नीतिक उदारताका कमजोरीहरूबाट सांप्रदायिक, क्षेत्रीय, जातीय जनविभाजनहरू भएर नयां नयां पृथक व्यवस्थाका मांगहरू पनि यत्र तत्र भइरहेका छन् । यस्ता अव्यावहारिक उदारताका कथा आज मात्र होइन । सिखधर्मका प्रवर्तक श्रद्धेय गुरु नानकदेवज्यू आफ्ना शिष्य सिख, मुसल्मान र हिन्दूहरूलाई आजीवन एकता र मेलको विशेष शिक्षा दिइरहनु हुन्थ्यो । वहाँको स्वर्गारोहण भएको दिन गुरुको अन्त्येष्टिसंस्कार शास्त्र विधिअनुसार हुनुपर्दछ भनेर तीन-थरि शिष्यसमुदायबीच ठूलो वादविवाद र संघर्ष भयो । त्यही उग्र खलबलमा लाखौंहिलाई कसले कता पुऱ्यायो पत्ता भएन । संघर्षको पर्यवसानपछि श्रद्धालु हिन्दू र सिख शिष्यहरूले केवल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कात्रोलाई च्यातेर आधा आधा बाँडेर, आफ आपनो विधिले त्यसैको संस्कार गरे । तात्पर्य के हो भने महात्मा गान्धी-ज्यूको, गुरु नानकको उदारताको मूल्य बुझेर सबै दुनियांले प्रयोग गर्न थालेभने विश्वस्रष्टाको यो सृष्टिलीला पनि चल्दैन । त्यसैले त्यस्तो उदारताको नाम अव्यावहारिकता राखिएको छ ।

किञ्च– धेरैको भनाइमा हिन्दुधर्मलाई नै सबल र व्यापक बनाउन यो हिन्दूएकताको योजना गरिएको हो भन्ने छ । वास्तव हिन्दूधर्म निर्बल छैन । निर्बल छ भनिठान्नेसंग यो प्रश्न छ-"के मात्र सङ्गठन थप्दा हिन्दूधर्म सबल र व्यापक हुन सक्छ ? वस्त्रभूषाले सिंगारेर एउटा जनसमूहले बाजा बजाएर हिंडाउंदैमा कुनै अन्तः सारहीन मरणासन्न व्यक्ति व्यापक भ्रमण गर्न सक्छ ? त्यस्तो क्षमताको लागि त्यस व्यक्तिमा सारवत्ता हुनुपर्दछ । हो, हिन्दुधर्मको ह्रास र पतन चाहिं भएको छ । यो मान्नुपर्दछ । तर त्यस ह्रास र पतनको उपचारकै कुरा हो भने – "स्वेद्यमामज्वरं प्राज्ञः को ऽम्भसा परिषिञ्चति ?" अम्लपित्तको रोग छ, क्षय रोगको उपचार गरेर के काम छ ? संगठनको अपर्याप्तता हिन्दूधर्मको ह्रास र पतनको निदान होइन, त्यसका निदान निम्नलिखित छन् ।

(१) यत्र तत्र राजतन्त्र व्यवस्थाको उन्मूलन । (राजतन्त्रेतर व्यवस्थाहरूमा धार्मिक आध्यात्मिक क्षेत्रले प्रायः प्रोत्साहन पाएको देखिदैन)

(२) धर्मप्रचारक ब्राह्मण, धर्माचार्य, मठाध्यक्षहरूको मिथ्याचार र जनसेवाविमुख अनुदार प्रवृत्तिबाट जनतामा धर्मसंस्कृति-प्रति व्यापक घृणाभावनाको उत्पत्ति ।

(३) भोगभावनाप्रधान पाश्चात्य शिक्षाको उन्नति र त्यागभावना-प्रधान संस्कृत शिक्षाको सार्वभौम अवनति । जसको परि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

णाम हिन्दूधर्मप्रतिको यस धारणामा प्रायः शिक्षित हरूमा पनि गाढ मलिनता, भ्रम र अविश्वास आएको छ कि – "हिन्दूधर्म वेदजस्तै अपौरुषेय धर्म हो। वेदजस्तै यो पनि पुरुषनिष्ठ भ्रम प्रमादादिदोषबाट अस्पृष्ट छ। यसमा अलौकिकता छ, दिव्यता छ। यसबाट उपासकले इह परत्र दुवैतिरको अमोघ उपलब्धि गर्न सक्छ"।

(४) राष्ट्र, विश्व र मानव मात्रको दृष्ट हित र कल्याणको लागि हिन्दूहरूद्वारा हिन्दूधर्मको रचनात्मक सेवा–कार्यको रूपमा कुनै पनि सार्वभौम कार्यारम्भको अभाव।

उपर्युक्त, हिन्दूधर्मका क्षतिकारक कारणहरूको निराकरणका उपाय के के छन् ?

उक्त कारणहरूमध्ये पहिलो कारण वर्तमान युगमा लजिलोसंग निराकरणीय छैन। दोस्रो कारण धर्माचार्यहरूको मनोवृत्तिको र व्यवहारको कुरा छ। सच्चा कर्मवीरहरूले त्याग र उत्सर्गका साथ काम गर्न थालेपछि त्यस्ता मनोवृत्तिका तत्त्वहरू त्यसै विलाएर जान्छन्। तिनको गणना गर्नु पर्दैन। खास निराकरणीय कारण तेस्रो र चौथो छन्। तेस्रो कारणसंग चौथो कारणको घनिष्ठ सम्बन्ध पनि छ। किनभने माथि भनेजस्तो राष्ट्र, विश्व र मानव मात्रको दृष्ट हित र कल्याणको निति हिन्दूहरूद्वारा हिन्दूधर्मको रचनात्मक सेवा–कार्यको रूपमा कुनै पनि सार्वभौम कार्यारम्भ तब मात्र हुन सक्छ, जब त्यागभावनाप्रधान संस्कृत भाषाको सार्वभौम प्रचारप्रसारको व्यापक ज्योतिबाट निम्नलिखित कार्यविधिहरू, लक्ष्यहरू तिनका व्यवधानहरू र तिनका निराकरणको लागि प्रतिपक्षभावनाहरू आलोकित हुन्छन् –

(क) विश्वमानव मात्रमा हिन्दूधर्मको उपयोगिता र महत्ता-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को विषयमा ज्ञान ।

(ख) विश्वशान्तिको लागि परम आवश्यक एवं एक मात्र साधनभूत विश्वबन्धुत्वभावनाको चेतनाको विकास ।

(ग) वर्तमान विश्वमा हाम्रा निम्नलिखित तीन लक्ष्यहरूको पूर्तिको लागि हिन्दूहरूद्वारा विश्वमा हिन्दूधर्मको रचनात्मक सेवाकार्यको रूपमा उक्त विश्वबन्धुत्वभावनाको कार्यान्वयन गर्ने सार्वभौम कार्यक्रमको योजना ।

(घ) हाम्रा तीन लक्ष्यहरू–

(१) राष्ट्रिय समृद्धि ।

(२) विश्वशान्ति ।

(३) दुःखान्त, भोगवादी, साँसारिक जटिल बन्धनबाट मानव मात्रलाई मुक्ति दिलाउनु- (यही लोकमा) का साथै शाश्वत आत्म शान्तिको मार्ग निर्देशन गर्नु । (भोगवादी संस्कारले कुनै क्रूर निर्दय सरकारले लगाउन आँट नगर्ने करभार र दमन नीतिद्वारा मानव मात्रलाई प्रतिक्षण सताइरहेको छ । माथिदेखि तलसम्म कोही सुखी छैन– संग्रह, शोषण, परिग्रह, र त्यसबाट भय, आशंका, र प्रतिक्रिया !

(ङ) उक्त लक्ष्यहरूका व्यवधानहरू–

(१) पहिलो लक्ष्य 'राष्ट्रिय समृद्धि' को बाधक व्यवधान– "व्यक्ति व्यक्तिमा तीव्र स्वार्थी भावना र तन्मूलक वैमनस्य, वैर, संघर्ष" ।

(२) दोस्रो लक्ष्य "विश्वशान्तिको' बाधक व्यवधान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"राष्ट्र राष्ट्रमा शक्तिसंवर्धनको प्रतिस्पर्धा र तन्मूलक युद्ध, संघर्ष"।

(३) तेस्रो लक्ष्य "मानव मात्रमा आध्यात्मिक चेतनाको विकास" को बाधक व्यवधान– "भौतिकवादी एवं भोगवादी भावनाको सार्वभौम प्राबल्य"।

अब उपर्युक्त तीं व्यवधानहरूको निराकरण कसरी हुन्छ ? भन्ने प्रश्न अगाडि आउंछ। तर "वितर्कबाधने प्रतिपक्ष भावनम्" भन्ने महर्षि पतञ्जलिको योगसूत्रको निर्देशनानुसार उक्त तह तहका तिनौटै लक्ष्यहरूका व्यवधानहरूको निराकरणको लागि प्रतिपक्ष भावनाको आवश्यकता भयो। तर यहाँ प्रसङ्ग र परिस्थितिले तिनौटै लक्ष्यहरूको व्यवधानहरूका प्रतिपक्षभावना टै परेर सजिलो भएको छ, त्यो हो – "संस्कृतको सार्वभौम प्रचारप्रसारको ज्योतिवाट आलोकित त्याग र उत्सर्गको अमृत मार्ग पक्रेर राष्ट्र, विश्व र मानव मात्रको दृष्ट हित र कल्याणको लागि हिन्दूधर्मको रचनात्मक सेवाकार्यको रूपमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कार्यप्रारंभ। उक्त प्रारंभ भएपछि उपर्युक्त तिनौटै व्यवधानहरू स्वतः निराकृत हुन्छन्।

"अग्ने ! नय सुपथा राये !" साथि भने बमोजिम सुरभारती संस्कृत भाषाबाट आलोकित राष्ट्र, विश्व र मानव मात्रको हितको सुमार्ग पक्रेर त्याग र उत्सर्गका साथ विशाल सार्वभौम कार्यप्रारम्भ भएको बीस तीस वर्षमै विश्वको एक मात्र पवित्र हिन्दूराज्य र शास्त्रसंमत मूर्धाभिषिक्त क्षत्रिय राजाको गौरवशाली प्रजाको हैसियतले स्वाभिमानका साथ हामीले यो प्रतिज्ञा गर्न सक्नेछौं कि – हामी थोरै समयमा नै आफ्ना प्रातः स्मरणीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वनामधन्य, विश्वहितैषी पूर्वजहरूको सार्वभौम शैक्षिक नेतृत्वको घोषणालाई विश्वमा फेरि दोहन्याइदिउनेछौं–

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः

एतावता यस निष्कर्षमा पुगिन्छ कि देशका जनसमुदायहरूले रुचिवैचित्र्यको कारण विभिन्न धर्म र संप्रदायहरूमध्ये कुनै एकको आदर्श पक्रेर आत्मशान्ति लिएका छन् । धार्मिक दृष्टिले सक्तो समाजसेवा पनि गरेका छन् । सबैलाई एउटै बाटोमा हिंडाऊँ भन्दा सबै संप्रदायहरूले बसालिसकेका जनहितकारी परंपराहरू बिग्रेर जनसमुदायहरूमा भ्रम र किंकर्तव्यविमूढता आउन सक्छ । त्यसैले सबै धर्म र संप्रदायहरूलाई आफ्नो मार्गमा प्रगति गर्ने अवसर दिएर, सबैलाई आफ्नै पवित्र उन्मेषहरू संझेर सनातन हिन्दूधर्मले विश्वका मानव मात्रको ऐहिक पारलौकिक कल्याण कसरी हुन्छ ? भावना मात्र नदिएर अब सार्वभौम कार्य-प्रारंभ गर्नुपर्दछ । उक्त श्रद्धेय धर्म, संप्रदायहरूलाई र आफ्नो विराट् धर्मलाई समेत ज्ञात्य बनाएर, ज्ञात्य तुल्याइएको त्यस संगठनको लालसाले आफ्ना विश्वविश्रुत, गौरवपूर्ण हिन्दूविशेषता हरूलाई मलिनविलीन तुल्याएर, हिन्दूत्वको अवमूल्यन गरेर करोडौं हिन्दूहरूको श्रद्धा, आस्था, भावना, धारणा, दर्शन र सिद्धान्तहरूमाथि खड्गप्रहार गर्नु आफ्नै हिन्दूजातिको अक्षम्य धार्मिक, सांस्कृतिक हिंसा गर्नु हो ।

किन्तु एउटा पक्ष – वरु उपर्युक्त हिन्दू–एकता नभनेर नीति, दर्शनादि जीवनोपयोगी अरू विभिन्न विद्याका साथै आध्यात्मिक विज्ञान (विश्वका संपूर्ण रहस्यहरूको पनि रहस्य आत्मबोध,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग, तप, उपासना) विषयको एक मात्र प्रकाशक र प्रयोगको अधिष्ठान भएको नातालै क्रमशः संस्कृत भाषा र हिन्दूधर्मको विशेषताको संरक्षण अपरिहार्य भएकोले विश्वको कल्याणको लागि नै उक्त विशेषतालाई बचाएर विश्वशान्तिको निमित्त तन्निष्ठ विश्वबन्धुत्ववादी भावनालाई सार्वभौम स्तरमा कार्यान्वित गर्न र भविष्यमा सदाको लागि विश्वमा धार्मिक, साम्प्रदायिक वैर-कलह र संघर्षको मुहान नै बन्द गर्न उक्त जैन, बौद्ध, र सिख धर्मका साथै मुस्लिम धर्म र क्रिश्चियन धर्मलाई समेत संमिलित गरेर विश्वमा एउटै मानवधर्मको घोषणा गर्ने वृहत्तम योजना अघिबढ्यो भए त्यसलाई एउटा स्तुत्य अभियान हो भन्न कर लाग्यो। अथवा आर्यसमाजको विधिले वा क्षत्रधर्म भनेर आपत्
कसैलाई हिन्दू बनाउने भनेको भए त्यो पनि स्तुत्य हुन्थ्यो। यो एकतायोजनालाई व कसरी किन स्तुत्य भन्ने? संकीर्णता, साम्प्रदायिकता, वैर कलहका सारा निदानहरू यथावत् नै छन्। आफ्नो अवमूल्यन गर्ने कुरा मात्र छ! अतः जिज्ञासा-सूत्रको व्याख्या हिन्दूएकतायोजनासमर्थनपरक हुन हुँदैन। हाम्रा उपर्युक्त महान तीन लक्ष्यहरूको पूर्तिको निमित्त परम सहायक सार्वभौम कार्यक्रमको अनुकूल हुने गरी निम्नप्रकारको व्याख्या हुनुपर्दछ–

अथ = रागद्वेष, वैरकलह, युद्ध संघर्षमय एवं रक्तरञ्जित वर्तमान विश्वको स्थिति अवगत गरिसकेपछि। अतः = राष्ट्र राष्ट्रमा (१) "राष्ट्रिय समृद्धि, (२) विश्वशान्ति र (३) मानव मात्रमा आध्यात्मिक चेतनाको विकास" यी तीन लक्ष्यहरूको पूर्तिको लागि त्याग, र उत्सर्गमय विश्वबन्धुत्वभावना र आध्यात्मिक भावनाको आधारमा संस्कृत भाषाको सार्वभौम प्रचार प्रसार द्वारा विश्वमै पुनः जागरणशील शैक्षिक नेतृत्व दिनुपरेकोले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दूत्व–जिज्ञासा = पाश्चात्य शिक्षाले मलिन भइसकेको हिन्दू संस्कारमा परिष्कार ल्याउनुका साथै हिन्दूसंस्कृति, हिन्दूदर्शन, र हिन्दू आदर्शको अनुकूल आचारसंहिताको जिज्ञासा विश्वसेवक हिन्दू कार्यकर्ताहरूको लागि सामयिक, आवश्यक, एवं कर्तव्य पनि छ । जयतु संस्कृतम् ।

इतिशम्

मितिः- २०४०-१२-२४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुस्मृति - पं. दुर्ग
08/09/2120

मातृजातिको निर्याति रोक्न र उनीहरूको मानमर्यादाको संरक्षण गर्न सांस्कृतिक संघर्षको आवश्यकता ।

— पूर्णप्रसाद ब्राह्मण

हाम्रा मातृजाति (नेपाली केटीहरू) केही वर्षयता किन यसरी विदेशिइरहेका छन्, उनीहरूको सनातन मानमर्यादा एवं प्रतिष्ठा कुन हेतुबाट समाप्त हुन लागिरहेको छ र उनीहरूको त्यो दुरवस्थालाई रोक्न हाम्रो आजको कर्तव्य के हुनुपर्छ ? यससम्बन्धमा यो लेख प्रकाशित गरिएको छ ।

विवाह शब्दको अर्थ (वहनं वाहः विशिष्टो वाहो विवाहः) विशेष दायित्वको वहन हो । वधू वर दुवैले क्रमशः पारिवारिक सामाजिक, धार्मिक, राजनीतिक सबै किसिमको दायित्ववहन गर्ने अवस्था र स्थितिको श्री गणेश गरिदिने कर्मविशेष नएकोले त्यसलाई विवाह भन्ने गरिएको हो ।

विश्वका साधारण जनसमुदायहरूले पशुपक्षीसरह विवाहलाई केवल इन्द्रियतृप्ति र भोगको साधन जुटाउने कर्मविशेष मात्र मान्ने गरेका छन् । त्यसलाई संस्कारको रूपमा कसैले पनि मानेका छैनन् । तर साधारण स्नान, भक्षण, शयन जस्ता क्रियाहरूमा समेत धार्मिक आध्यात्मिक भावना राख्ने हाम्रो संस्कृतिले चाहिं विवाहलाई यस्तो सामान्य धारणाले हेर्नु त परै जाओस्, व्यावहारिक दृष्टिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारिवारिक, सामाजिक प्रयोजनको रूपमा हेर्नुका साथै धार्मिक र आध्यात्मिक दृष्टिले पनि हेरेको छ र गर्भाधानदेखि अन्त्येष्टिसम्मका प्रमुख सोह्र संस्कारहरूमध्ये महत्वपूर्ण एकतन संस्कारको रूपमा (विवाहलाई) मानेकोछ ।

समयमा कुनै षट् (केटो)को उपनयनसंस्कार र कन्याको विवाहसंस्कार हुन सकेनभने हाम्रो समाजले ज्यादै नराम्रो मान्दछ । त्यसरी कर्म नचलेका स्त्री वा पुरुषको देहान्त भएमा विधिवत् अन्त्येष्टि (क्रियाकाण्ठा) गर्न नहुने, नपर्ने धर्मशास्त्रीय विधान छ । त्यसरी क्रियाकाण्ठा नगरिने हुनुलाई अर्थात् त्यो गतिमा पुग्नुलाई समाजले ज्यादै नराम्रो मान्दछ । अतः हाम्रो जीवनमा विवाहको सांस्कृतिक महत्व कति रहेछ, यो भनिरहनुपरेन । यसैले हाम्रो सांस्कृतिक भावनासंग मेल नखाने, विश्वका साधारण मानवसमुदायको भावनाभन्दा धेरै माथि उठेर हाम्रो समाजले विवाहका तीन पवित्र लक्ष्य मानेको छ ।

पहिलो लक्ष्य—स्त्री वा पुरुष दुवैले संयुक्त रूपमा आफ्ना अनियन्त्रित पाशविक भोगप्रवृत्तिलाई नियन्त्रित मर्यादित तुल्याएर परस्परको शारीरिक बौद्धिक उन्नति गर्नु । कुनै पनि ठुलो यज्ञयागादि कर्मसपत्नीकै भएर गर्नु भन्ने धर्मशास्त्रको विधान भएकोले नै संयुक्त हुनुपर्ने आवश्यकता ल्याएको हो । त्यसैले रामले सीताहरण गरे पनि अश्वमेध यज्ञको विधि संपन्न गर्न सीताकै प्रतिकृति (स्टाचु) साथमा राखेर भए पनि सपत्नीक हुनुपरेको थियो ।

दोस्रो लक्ष्य —"प्रजातन्तुं मा व्यवच्छेत्सीः" यो श्रौत आज्ञानु-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सार आपनो कुलवंश थाम्नको लागि सर्वगुणसम्पन्न सन्तानको उत्पादन गर्नु ।

तेश्रो लक्ष्य—सृष्टिको प्रारम्भदेखि अविरल चलेको स्त्रीधारा र पुरुषधाराको परस्पर सामञ्जस्यद्वारा पारिवारिक, सामाजिक एवं राष्ट्रिय जीवनमा समेत सुस्थिति र सुव्यवस्था कायम गर्नु । वधू र वरले विवाहसंस्कारमा "राष्ट्रभृत् ..... " मन्त्रद्वारा दश आहुतिप्रदान गर्नुपर्ने जो विधि छ, यसको तात्पर्य राष्ट्रप्रति स्मृति र राष्ट्रिय भावनाको जागरण नै हो। यस प्रकारले हाम्रो वैवाहिक लक्ष्य राष्ट्रिय स्तरसम्मको हुन पुगेको छ ।

जब यी लक्ष्य पूरा गर्नु छ —ब्राह्म, प्राजापत्य, आर्ष, दैव, आसुर, गान्धर्व, राक्षस, पैशाच — शास्त्रवर्णीकृत विवाहका यी आठ पद्धतिहरूमध्ये कन्याका अभिभावकवर्गलाई धनसम्पत्तिप्रदानद्वारा स्तम्भित गराएर कन्यालाई विवाह गर्ने आसुर विवाह, वधूवरको पारस्परिक अनुरागद्वारा गरिने विवाह गान्धर्व विवाह, कन्यापक्षलाई मारकाट गरेर 'मलाई बचाओ ! भनेर गुहार माग्दा माग्दैकी कन्यालाई अपहरण गरेर गरिने विवाह राक्षस विवाह र कन्यालाई कुनै मादक द्रव्यद्वारा बेहोश तुल्याएर, अनुचित संबन्ध गरेर, कन्यालाई बलात् शिकार-इने विवाह पैशाच विवाह यी-चार प्रकारका शास्त्रनिन्दित वैवाहिक पद्धति, —जसको परिणाम अनुशासित, उच्छृङ्खल, अशिष्ट, असभ्य सन्तान उत्पन्न हुन्छन् भनेर शास्त्रले भनेको छ — बाट त विवाहको उपर्युक्त महान् लक्ष्यहरूको पूर्ति असंभवै मानिएको छ । बाँकी चार प्रकारका वैवाहिक पद्धतिमध्ये विधिवत् संपादित जुनसुकै पद्धतिबाट पनि (यद्यपि आजकल परस्परमा सूक्ष्म भेद भएका ब्राह्म र प्राजा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्य विवाहकै मात्र प्रचलन छ) उपर्युक्त विवाहको लक्ष्यपुर्ति हुनुका साथै अनुशासित, संयत, शिष्ट, सभ्य सन्तान उत्पन्न हुन्छन् भनेर शास्त्रले लेखेको छ । वरमा विराट् पुरुषको र वधूमा लक्ष्मीको भावना राखेर, तिनबाट जन्मने सन्तानबाट गएका र आउने पच्चीस पुस्ताको उद्धारको आशा राखेर यही किसिमको संकल्पका साथ गरिने कन्यादानको भावनात्मक दृष्टिले पनि महिमा, गरिमा, आदर्श वैशिष्ट्य असाधारण मानिने हुनाले त्यस विधि र त्यस भावनाबाट गरिएको विवाहबाट, जबसम्म हाम्रो मृत्युञ्जय संस्कृति छ, उपर्युक्त (वैवाहिक) लक्ष्यपूर्तिका साथै सर्वगुणसम्पन्न सन्तान, अर्थात राष्ट्रयोग्य नागरिकहरू जन्मन्छन् भन्ने कुरामा हामी विश्वास राख्दै आएका छौं र राख्नेछौं पनि ।

तर विवाहको उपर्युक्त पवित्र आदर्श साकार हुन वर र वधूमा पनि पावनता अनिवार्यतया हुनैपर्छ । अन्यथा तो नो दृष्ट, अदृष्ट फल प्राप्तिको आशा र आकांक्षा राख्नु व्यर्थ नै हुन्छ । अतः समाजमा (१) आपनै वैवाहिक आदर्शलाई विकृत र हानिकारक बन्न नदिन, (२) वक्ष्यमाण प्रकारबाट मातृजातिको सदासंभावित निर्यात रोक्न र (३) मातृजातिको सनातन मानमर्यादा एवं प्रतिष्ठाको संरक्षण गर्न जोडतोडका साथ तीन कार्यक्रमसंचालनको लागि म केन्द्रीय महिलासंगठन र केन्द्रीय युवकसंगठनको ध्यान आकर्षित गर्दछु ।

(१) पहिलो कार्यक्रमः- नौ दश वर्षको उमेरमा विवाह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिदिने पुरानो प्रथा तोडेर विवाहको निम्ति स्त्रीजातिको उमेर (आमाबाबुको अनुमति भए) सोह्र वर्ष पुगेको हुनुपर्छ भनेर ऐनले तोक्यो । बालविवाहको परिणाम पनि समाजले भोगिरहेको हुनाले जो उमेर तोकिएको छ त्यो ठीक छ। यसमा कुनै विरोध छैन । तर पुरानो प्रथा तोडिइहाल्यो भनेर अभिभावकहरूले पनि आफ्नो स्थिति विचार गरेर बीस बाईस वर्षको उमेरसम्म पनि छोरीको विवाह नगरिदिने आजकल जो चलन आएको छ, त्यसमा भने मेरो सहमति आना विरोध छ । व्यक्तिले यस्तो गरे के भन्ने ? व्यक्ति व्यक्तिकै समाज भएकोले अब समाजले पनि यस कुराको निन्दा चर्चा गर्न छोड्यो । "अब त कसैले घरको स्थिति मिले गछि' कसैले 'एस. एल. सि. पास भएपछि' कसैले 'बी. ए. पास भएपछि' विवाह गरि दिउँला भनेर भाका राख्न थाले । जुनसुकै कारणबाट विलम्ब भएतापनि त्यसबारे कसैबाट कुनै प्रतिक्रिया समाजमा नहुने सामाजिक परिपाटी बस्न थाल्यो। यसको परिणाम अपठित कन्याहरूका साथै स्कूल, क्याम्पसका कन्याहरू पनि उमेर खस्किएकोले एकदम अनुहारमा बयेलिएजस्ता देखिन थाले । मुखमा कुमारीत्वको श्री हराउन थाल्यो । त्यस स्थितिले कन्याहरूमा निर्लज्जता, अभिभावकहरूसंग पनि बहस गर्ने धृष्टता र चिडचिडापन ल्याइदियो । अर्थात गूढ उद्वित कामपिपासाको कारण त्यस विद्रोही अन्तश्चेतनाले उनीहरूमा काम गर्न थाल्यो, जसले गर्दा हजारौं नेपाली कन्याहरूमा यौवनको आवेशमा कसैको थोरै आँड पाए पनि विदेश पस्ने आँट आउन थाल्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसरी नै कन्याहरूलाई यो दुःसाहसको स्थितिमा पुऱ्याउने दुःश्रेय छोरीहरूको विवाह गर्न विलम्बगति विलम्ब गर्ने अभिभावकहरूलाई नै छ । बिचरा कन्याहरूको कुनै दोष छैन । यस्तै पर्ला भनेर भविष्य-दर्शी हाम्रा पूज्य ऋषिमहर्षिहरूले कथंकदाचित मर्म नबुझ्ने अभिभावकहरूले सोह्र वर्ष पुगिसक्दा पनि कन्याको विवाह गरिदिएनन् भने त्यो कन्याले आपनै तर्फबाट कन्यादान गर्ने कुनै व्यक्तिको प्रबन्ध मिलाईकन आफुयोग्य वर आफैं खोजेर भए पनि आपनो विवाह सम्पन्न गर्नू भनेर एक विशेष नियम पनि बनाइदिएका छन् ।

तै पूज्य ऋषिहरूले स्त्रीहरूको सोह्र वर्षको उमेरलाई विवाहको निम्ति हृदमाथिको संझनुको तात्पर्य यो हो कि रजस्वला भएपछि स्त्रीहरूमा मन्द मन्द तर उत्तरोत्तर कामभावनाको संचार हुन थाल्दछ । बाह्र तेह्र वर्षको उमेरमा बच्चा जन्माएका कति स्त्रीहरू हाम्रा समाजमा देखिइरहेका छन् । अतः ऐनको समय मन्दा पनि विलम्ब गरेर कन्याहरूको विवाह गरिदिने प्रथा बसाल्न थाल्यौं भने त्यो हाम्रो निमित्त ज्यादै ठूलो सांस्कृतिक व्यतिक्रम र अस-मौक्ष्यकारिता हुनेछ । हाम्रो समाजमा रनोउर्शनमन्दा अगाडि नै कन्याहरूको विवाह गरिदिने प्रथा थियो । त्यसको खास तात्पर्य निम्नलिखित दुइटा थिए–

पहिलो तात्पर्य — छिमेकी देश भारतमा विधर्मीहरूको शासनसत्ता हुँदा परस्त्रीहरण गरेमा मात्र दण्ड भोग्नुपर्ने कानुनी व्यवस्था भएकोले र यत्र तत्र कन्या केटीहरूको अपहरण पनि भइरहने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेकोले यस कुसंस्कारबाट कन्याहरूलाई बचाउन हिन्दूसमाजमा रजोदर्शन अगाडि नै विवाह गरिसक्ने प्रथा चलाउनुपरेको थियो ।

दोश्रो तात्पर्य— यसरी रजोदर्शनभन्दा अगाडि नै विवाहित प्रायः समयस्क ती कन्याहरू र बटुहरूको कलिलै उमेरदेखि कामवासनापूर्ति हुन थाल्ने हुँदा खास यौवनमा पुग्दा पनि यस्तो प्रबल कामवासना उनीहरूमा आउन नदिने यस प्रथाले समाजमा अनैतिक व्यभिचार अनाचारमूलक घटनाहरूको संख्या ज्यादै कम गरिदिने हुन्छ र जो सदा वाञ्छनीय छ ।

यतरी आंखा खोलेर, निहारेर, केलाएर विश्लेषण गर्ने हो भने वर्षेनी हाम्रा दशौं हजार कन्याहरूको विदेशप्रवेशको एकतम कारण यही पुरानो प्रथा बन्द हुनु हो । यो प्रथालाई बन्द गरेर अर्थात कन्याहरूलाई बीस बाईस वर्षको उमेरसम्म पनि विवाह नगरिदिएर नीच मार्ने प्रचलनबाट हामी आपनो निम्नलिखित ठूलठूला सांस्कृतिक दुर्बलतालाई विज्ञापन गरिरहेका छौं ।

पहिलो सांस्कृतिक दुर्बलता — हामीले बिर्सने गर्‌यौं आपनो वैवाहिक पवित्र आदर्शको महत्वलाई नै विसिदियौं । जसको फलस्वरूप आपना कन्याहरूलाई विवाहलायसम्म ब्राह्म वा प्राजापत्य विवाहको निमित्त योग्य पात्र नै बनाइराख्न सकेनौं ।

दोश्रो सांस्कृतिक दुर्बलता — हामी पनि विश्वका अरू साधारण मानव समुदाय पशुपंक्षी) सरह विवाहलाई इन्द्रियतृप्ति र भोगको साधन मात्र संझने साधारण भौतिक दृष्टिका जन्तु बन्यौं र हामी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्यात्मवादी हुँ र आफ्नो सनातनीयो मनुञ्जय संस्कृति-अनुसार आदर्श समाजव्यवस्था निर्माण गर्ने परम्पराका उत्तराधिकारी हुँ भनेर हामीमाथि सर्व श्री रोम्या रोलाँ, मेगेस्थनिज, व्हेन साङ्ग मैक्समूलर, याकूबी आदि विश्वप्रसिद्ध विदेशी पर्यवेक्षक र विद्वान् हरूबाट व्यक्त गरिएको आस्था र श्रद्धालाई हामीले आफ्नै कामले आफ्नै अयोग्यताले भ्रान्त धारणा हो भनेर प्रमाणित गरिदियौं। यसो भनेर मैले बहत्तर महीना फाटेपछि भट्टाल्न पुरानो बालविवाहप्रथाको पुनरावृत्ति हुनुपर्दछ भनेको होइन, द्रौपदी, सीता, रुक्मिणी, दमयन्तीहरू पनि उमेरहरूको विवाहसमयमा आफ्नो घर आफ्नै किसिमबाट छान्न सक्ने उमेरका भइसकेका थिए भन्ने कुरालाई पुराणहरूले पनि प्रमाणित गरेका छन् यो नदेखेको पनि होइन। तर यसो हो त पनि कुनै पनि व्यवस्था समय र परिस्थिति हेरेर चलाइएको हुन्छ भन्ने कुरालाई कसैले पनि विर्सन हुन्न। अतः अघि के गरिएको थियो भन्नुभन्दा आज के गर्नुपर्दछ ? यो सोच्नुपर्दछ।

किनभने – केही वर्षभगाडि हाम्रो देशना पुरुषको भन्दा महिलाको संख्या बढी थियो, जन्मसंख्या हेर्दा पनि बढी नै छ। तर यो पछिल्लो जनसंख्याको रिपोर्ट हेर्दा पुरुषको भन्दा महिलाको संख्या घटेको पाइयो। यसरी घट्नुमा कुनै आश्चर्य छैन। किनकि हाम्रो देशबाट हाम्रा पूज्य मातृजातिको निर्यात जोडतोडका साथ चल्दैछ र यसरी आफ्ना मातृजातिको संख्या देशमा घट्दै जानु हामी जस्ता राष्ट्रवादीहरूको लागि ज्यादै दुःख दायक र शोचनीय कुरा हो। यस्तो हुनुमा कति कारण अरु पनि होलान्, तर पनि एक प्रमुख कारण त विलम्बवर्ग कन्याहरूको विवाह गरिदिने उपर्युक्त नयाँ प्रचलन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हो भन्न भ कत्ति पनि हिच्किचाउन्न । जसले गर्दा मान्छे मनेअनुसार निर्लज्ज, धृष्ट र स्वतन्त्रचेता भइसकेका ती कन्याहरूले अनुशासन, सयम र धैर्यलाई आफुमा कायम गर्न सकेनन् । जसको परिणाम यौवनको आवेशमा कति कन्याहरू आफै सुरिएर, कति अरूवाट भडकिएर विदेशमा पुग्न थाले । वर्षको वर्षौ हजार नेपाली कन्या विदेशमा पुगेर, राष्ट्रको इज्जत फालेर, अमर्यादित भएर वसेको व्यापक कुचर्चा छँदै छ ।

त्यति किन ? एउटी मात्र केटीले विदेशमा पुगेर घरबार गर्न थालिछभने त्यसले निम्नलिखित प्रक्रियावाट करीव अरू सयओटी नेपाली केटीहरू-लाई पनि (विदेशतिर) तान्न थालदछे । त्यो प्रक्रिया के छभने— उसको लोग्ने त विदेशी नै भइहाल्यो । आपनो लोग्नेको नाताकुटुम्ब, इष्ट-मित्र नै त्यस नेपाली केटीका पनि नाताकुटुम्ब र इष्टमित्र हुने नै भए । त्यो नेपाली केटी यहाँ जस्ती जचेकी भए तापनि त्यहाँको मिम्ति परम सुन्दरी जचेकी हुन्छे । त्यसलाई देख्ता र त्यहाँ उसका नातासम्बन्धी केटाहरूको विवाहको कुरा चल्दा सर्वप्रथम मिलेसम्म नेपाली केटीकै चर्चा खोजी र चाह हुने नै भयो । विदेशीहरूको बीचमा आफू एक्लो भएर वस्नुपरेकोले सदाको लागि त्यास्तो मेटून नेपाली महिलाहरूको त्यहाँ जस्तात बढाउने गुप्त आकांक्षा राखेर त्यो नेपाली केटी अघि सरेर यथाशक्य नेपाली केटी ओसार्ने प्रयास गर्ने नै भई । अनि त कति कुराको संजोग भयो भने केटीहरूको अनुहारमा आकर्षण छ । विदेशीहरूसंग चाह छ, पैसा छ । नेपालीसंग सम्बन्ध मिलाइदिने त्यही विदेशिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली केटी बहहाली ! के कुरासे छेक्यो र अब ! यी सब अनुकूल संयोगहरूले गर्दा हाम्रो देशका मातृजातिको निर्यात दिन दोब्बर, रात चौबर बढदो छ । यसको परिणाम निकट भविष्य नै यो रूपको देखा पर्नेछ— कुनै दिन नेपाली युवकहरू "विवाहेच्छु भए पनि यदि गरीब छन्मने, तिनको भागमा हिमाली सौन्दर्य लावण्य भएका नेपाली केटीहरू पर्न आउनेछैनन् र राष्ट्रिय दृष्टिकोणले हेर्दा नेपाली जातिको सांच्चै अन्तको श्रीगणेश पनि त्यसै वेलादेखि हुनेछ ।"

अतः संगठनहरूले ऐनले तोकेको समयभन्दा पनि विलम्ब गरेर कन्याहरूको विवाह गर्ने उक्त कुप्रथाको विरुद्ध प्रचार अभियान प्रारंभ गरिहाल्नुपर्दछ, किन कि त्यो नै मातृजातिको निर्यातको मूल कारण हो । ताकि समाजको यसतर्फ राम्रो आँखा खुलोस । किञ्च सार्थ संगठनले केटीहरूको निर्यात रोक्नको लागि यो व्यवस्था गराउनुपर्दछ— केटीहरू लोग्ने, बाबुआमा वा आफ्ना दाजुभाइसंग विदेश जान सक्छन्, तर ओडा अध्यक्ष र प्रधान पंचको नाता खोलेको सिफारिस हुनुपर्दछ । र केटीहरू फकाएर, भड्काएर निर्यात गर्ने दलाल र त्यसलाई सल्लाह दिने मदत दिने, व्यक्ति लगायतलाई र उपेक्षा गरेर रीतपूर्वक जाँचबुझ नगरी छोडिदिने सीमानाको संबन्धित गौंडाको प्रहरीहरूलाई समेत जन्मकैद र सर्वस्वको सजाय (अहिले कानूनमा जतिहोस) दिने गरी कानून बनाउन लगाउनुपर्दछ ।

(२) दोस्रो कार्यक्रमः— विवाहमा सार्थ अरू चाडबाडमा पनि ज्यादा खर्च लगाएर तडकभडक देखाउने प्रथालाई निर्मूल गर्ने र दाइजोप्रथा-रूपी सरुवा रोगको संभावित आक्रमणबाट पूर्वप्रतिबन्ध लगाउन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोस्रो यो अभियान कार्यक्रम राखिएको हो। यसको उठान यस कारणबाट भएको छ– समाजमा आफ्नो कुनै न कुनै किसिमको प्रतिष्ठा होस भने र जनसाधारण पनि चाहन्छ भने सत् असत् अनेक प्रयासबाट धन कमाएका तथाकथित कर्मचारीहरू र व्यापारीहरूले नचाहने न कुरै भएन। तर उनीहरूको निमित्त त्यो सामाजिक प्रतिष्ठाप्राप्ति को लागि मार्गान्तर उपलब्ध नभएकोले घरदर्शको स्तर बढाएर (आइमाईहरूका गहना कपडाहरूमा) विवाह जन्ता चाडवाडहरूमा (पास्नो व्रतबन्ध आदिमा पनि) खर्चिलो तडकभडक देखाएर उनीहरू जनसाधारण, छिमेकी र आफ्ना इष्टमित्रहरूमा, प्रतिस्पर्धी धेरैलाई निमन्त्रणा गरेर धाक जमाउन चाहन्छन् र उनीहरू यसबाट आफ्नो प्रतिष्ठावृद्धि भएको अनुभव गरेर सन्तोष लिन्छन्। वास्तव यसबाट उनीहरूको निन्दा आलोचना भइरहेको हुन्छ। निमन्त्रणामा धाम-धौम गरेर गएपछि घर पुगेर कसैले "खुब कमाएछ" मात्र भन्दछन्। कसैले "अस्तिसमको बुङ्गो अहिले खुब दूस खाएछ र आफ्नो पुरानो धिति विर्सालिन तडकभडक देखाइरहेको छ अनेर नराम्रोसंग भन्छन्। कसैले छोरीको विवाह रहेछ र २० रुपियांको गोडधुवा हालेको रहेछभने "२० रुपियांको खाएर आइयो" भन्दछन्। बोलाइ हालेपछि कसरी नजाने? नाता न कुटुम्ब! बेकार गोडधुवा बोकेर जाम लागेर छान जान कसलाई इच्छा लागेको हुन्छ? बाहीर हांसेर नमस्ते गरे पनि भित्र "बेकार दुःख दियो पापरले" भन्ने सबैको मनमा हुन्छ। स्पष्ट सामनेमा कसैले भन्न नमिल्दा आफूप्रति अरुको के प्रतिक्रिया छ कस्तो आलोचना छ भन्ने कुराको उनीहरूलाई ज्ञान हुदैन। उनिहरूलाई त्यो ज्ञात होस महोस। तर उनीहरूको (चाडवाडहरूमा) यस तडकभडक प्रदर्शनप्रथाको प्रभाव, दुष्प्रभाव हाम्रो सामाजिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्थामा के पर्दछ ? यसतर्फ पो विचार गर्नुपरेको छ ।

एकथरि सामान्य धारणा यस्तो पनि हुन्छ, अहरहेको पनि छ- "सर्वसाधारण जनताको लागि आध्यात्मिक आदर्श, आदर्श सामाजिक व्यवस्था भन्ने कुराहरू टाढा मै हुन्छन् । स्वास्नी, छोराछोरी, नोकरचाकर इत्यादिले खान लगाउन पाएर 'ओहो' भन्दा ठूलै भएं भनी ठान्ने व्यक्ति-हरूले नश्वर भौतिक संपत्ति, आनन्द र प्रतिष्ठालाई न जीवनको सारस-र्वस्व संझेका हुन्छन् । बिचराहरूले अनेक दुर्नाम र खतडा मोलेर केही कमाए । त्यही कमाइबाट खानो सोचाइ गरेर, इज्जत संझेर चाडबाडमा केही बढता खर्च गरे । कसैको सम्पत्ति खर्च गरिदिएका छैनन । त्यस कारण त्यति सानो कुरालाई लिएर छिद्रान्वेषी भएर तिनीहरूको बेकार के आलोचना गरिरहनु ?" दुई चार लाखकै आर्जनलाई जीवनको सफलता संझने समाजका यस्ता कीरा केही दिन सल्बलाउंछन् मर्छन् । यिनको के आलोचना ? यस प्रश्नको उत्तरः—

त्यसो त जुनसुकै क्रिया वा घटनाहरुमा पनि सामान्य वा असामान्य धारणा बनाउन सकिन्छ । कुन धारणालाई प्रश्रय दिंदा समाजको कल्याण हुन्छ, त्यसतर्फ पो विचार पुऱ्याउनुपर्ने हो । एउटा त्यस्तै सानो दृष्टान्त दिएर म स्पष्ट गरुं – कसैले घरमा मरेको कुकुर लगेर राति मूल सडकमा फालिदियो । अब त्यो कुहिएर कीरा परेर गनाउन थाल्यो । सडकमा हजारौं हजारों यात्रीहरू ठूलो तक्लीफसंग नाक बन्द गरेर हिड्न बाध्य भए । अब यस घटनालाई लिएर पनि हामी सामान्य असामान्य दुई किसिमका धारणा प्रकट गर्न सक्तछौं । पहिलो सामान्य धारणा हो-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरमा कुकुर मरिहालेछ । बिचरा घरमालिकले के गरोस् । मरेको कुकुरलाई घरको बाकसमा हालेर राखिरहने कुरा भएन । सडकमा लगेर फालिदिएछ । नफाले के गर्ने त ?"।

यही घटनालाई लिएर अर्को असामान्य धारणाले भन्दछ– "यो कुकुर फाल्ने मानिस कति बेजिम्मेदार कति चेतनाशून्य मूढ जनावर हो ? हेर त्यस पामरले गर्दा हजारौं हजारौं मानिसले सडकमा यातना भोग्नुपरेको छ । नाक बन्द गरेर हिड्नुपरेको छ । यसबाट कति प्रकारका रोगका कीटाणुहरूले मजोकका वरपरीहरूमा असर गरेको होला ? यो कुकुर फाल्ने मानिस कत्ति असमीक्ष्यकारी, कति जनजीवनोपेक्षी बोध्य रहेछ ! मरेको कुकुरलाई कतै लगेर गाडिदिनुपर्थ्यो !"

विवाह (आदि सबै चाडबाड) को निमित्त धेरै खर्चिलो तडकभडक प्रथा अपनाउने व्यक्तिविशेषहरू र यो कुकुर फाल्ने व्यक्ति एकै कोटीका असामाजिक जनावरहरू हुन । फरक दुइमा यत्ति छ कि कुकुर फाल्नेले सम्बन्धित व्यक्तिहरूलाई दश आठ दिन चिन्तित पार्दछन्भने तथाकथित तडकभडक व्यवहारवादीले समाजको पुस्ता नपुस्ता सम्मकालाई चिन्तित पार्दछ । कसरी भने– साधारण मानवहृदय कमजोर नै हुन्छ । समाजमा सुधारको लागि मौलिक विचार, दर्शन राख्ने,विरोध गर्ने,वैचारिक क्रान्ति गर्ने व्यक्तिविशेषहरू कडोरमा एक दुइ हुन्छन । अरू त सब गतानुगतिक र महाजनो येन गतः स पन्था (अर्थात अरुको लहै लहैमा लाग्ने र देखासिकी गर्ने) भन्ने नै हुन्छन् । त्यस कारण आपनो घरपर गाउ घर टोलमा कसैले बडो ठांठबाँटसँग तडकभडक देखाएर विवाह आदि केही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्योमने मानिसहरू त्यस कुपरंपराको विरोध गर्नुको सट्टा –' अस्तिसम्म यो कत्रो हो र ? राजपरिवारको होइन, राणाधरानाको होइन, अब पुरानो ठूलोबडो होइन, त्योभन्दा हामी धो के कम ? (जनताको त्यसप्रति संस्कारै यस्तै पाइन्छ- पुराना खानदान, धनीमानी शक्तिशाली परिवारहरुले गरेको व्यावहारिक तडकभडकलाई न कसैले आलोचना नै गर्दछ, न अनुकरण नै गर्दछ । न प्रतिस्पर्धा नै ! जनताले तिनीहरूलाई आफ्नो वर्गकै संज्ञेको हुवेन । बराबरसंग पो प्रतिस्पर्धा !) त्यसको जस्तै गरी चाडबाड मनाउन नसके त डोलै, गाउनै छोडेर हिंडे झैंगयो नि ।" यस्तो क्षुद्र भावना लिएर उल्टो प्रतिस्पर्धा गर्न थाल्दछन् । अनि त्यो प्रतिस्पर्धा-लाई कसरी कार्यान्वित गर्ने ? जागिरबाट बिहान बेलुकाको संम गुजारा चल्छ । परीक्षित नर्सिङ राणा जस्ता कैयौं वर्ष सचिव भएका ईमानदार कर्मचारीको आर्थिक स्तर चर्चित नभएको होइन । सामान्य व्यापार मात्र गर्नेको पनि गति देखिएकै छ । अनि त्यसप्रति बाटो लिनुपर्‍यो कि घुसको, कि तस्करव्यापारको, कि भित्री कुनै अरु घृणित पेशाको । मेरो भनाइको तात्पर्य हो –कतिपय अस्त तडक भडकवाला असामाजिक व्यक्ति हरूले आफ्ना नाता कुटुम्ब छर छिमेकका व्यक्तिहरू, इष्टमित्रहरू सबलाई अनाचार, दुराचार भ्रष्टाचार जे गरेर भएपनि मैले जस्तैगरी धन थुपारेर ठाँडबाटसंग व्यवहार चलाऊ, अरूभन्दा कम नबन " यही असत् प्रेरणा-लाई भाषामा आफ्नो कामबाट दिइरहेका हुन्छन् । त्यो प्रेरणा सफलपनि भइरहेको हुन्छ । तै सबको घरमा "के गरेर पैसा थुपार्ने ?" यही वैचा-रिक आन्दोलन हुन्छ । शिक्षित, अशिक्षित जस्ता होऊन, अविकसित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मस्तिष्कका गृहिणीहरूले र हुर्केका छोराछोरीहरू सबले बिचरा गृहपति-लाई यसै गरी थुङिरहेका हुन्छन्–फलाना फलानाहरूले छोरा वा छोरीको बिबाह (पास्नी,व्रतबन्ध आदि पनि) यसरी गरे। तिनका श्रीमतीहरूले यस्तो सारी यस्तो गहना लगाए । हामीले त तिनीहरूको अगाडि के नाक लिएर उभिने? हामीले त इनारमा हाँमफालेर मरे भयो ! इत्यादि इत्यादि । आफ्ना जहान र छोराछोरीको यस्तो अभावजन्य कचकच निभाउन समाजमा पैसाको धाक देखाएर बडाआदमी बन्ने लोभको भूत चढेका कतिपय दुर्बल हृदयका चरित्रवान कर्मचारीहरू पनि आफ्नो संचयकोष झिकेर हो कि अथवा पैतृक जेथा बेचेर हो कि तो भ्रष्ट कर्मचारीहरू र ती तस्कर व्यापारीहरूको तडकभडक नीतिको अनुकरण गरिरहेका हुन्छन् । सीधासाधा सानाठूला व्यापारीहरू पनि अनुकरणको यस रोगबाट बच्न सकेका हुँदैनन् । यसरी भ्रष्ट अनैतिक असामाजिक व्यक्तिहरूले चलाएको तडकभडक नीतिको फुपरंपराबाट हजारौं हजारौं कमजोर हृदयका परिवार रहरले कुमार्ग पक्रेकाछन् र हजारौं हजारौं परिवारहरू किंकर्तव्यविमूढ भएका छन् ।यस्तो महाचिन्ताजनक आधुनिक रोगको रूपमा यो तडकभडकनीति ठूलो दायरा (देशको राजधानी, जिल्ला अञ्चलका सदरमुकामहरू) लिएर देशमा संग्रालिन थालेको छ । अझ खास गरी स्कूल क्याम्पसका बिचरा कलिला कुमारीहरूलाई यस्ता सामन्तसंस्कारका तडकभडक नीतिधारीहरूले ज्यादै नै सन्तापको भुंग्रोमा हालिदिएका हुन्छन् । किनभने उनीहरूका स्कूल क्याम्पसका साथी धेरै धेरै नै हुने नै भए । तो सबै जसो कुमारी नै हुन्छन । सबैको बिबाहमा सबै साथीहरूलाई निमन्त्रणा हुने नै भयो । यो स्थितिमा उनीहरूलाई यस्तो सन्ताप पर्न थाल्दछ – अब जाने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसरी ? घूसखोर कर्मचारीहरू र तस्करव्यापारीहरूका छोरीहरू पनि त्यही जमातभित्र छन् । उनीहरू कस्तो लुगा कस्तो गहना लगाएर जान्छन् हुलहौलाई कस्तो उपहारग छन्, तिनीहरूको अगाडि आफू न त्यसरी त्यस्ता लुगा गहना लगाएर जान सकिन्छ । न त अमूल्य उपहारै लान सकिन्छ । न त आफ्ना अभिभावकहरूले आफ्नो विवाह त्यस्तो ठाँटबाँटसंग गरिदिन सक्ने, आफ्ना सबै साथीहरूलाई बोलाएर खान दिन सक्ने, इज्जत राख्न सक्ने संभावना नै छ । एतावता उनीहरूलाई यो अनुभव हुन्छ कि— अध्ययनार्थ स्कूल क्याम्पस जानु पनि मर्म ! साथीहरू धेरै हुनु र चिन्नु पनि मर्म! सबै मर्म मर्म! बिचरा ती कुमारीहरू मृतक जस्तो भएर आत्मग्लानिका साथ आफ्ना अभिभावकहरूसंग दारिद्र्यको गुनासो गर्छन् । त्यो सुनेपछि अभिभावकहरू पनि सशोंपाध्यपरिच्छिन्न एवं किंकर्तव्यविमूढ भएर मृतक समान हुन्छन् —"न टानुं! न मानुं!" उनीहरू पनि यही सोच्तछन्—"कस्तो बेहोर्नै नसकिने काल आयो । कतिपय भ्रष्ट व्यक्तिहरूले गर्दा समाजमा कस्तो भ्रान्ति हुन थाल्यो —सबैले भ्रष्टाचारकै बाटो लिनुपऱ्यो । त्यस्तै बाटो खोज्नुपऱ्यो । समाजले हेर्दा टाउको नुगाउनै पसूनै नहुनेले पनि टाउको नुगाउनुपऱ्यो, पसूनुपऱ्यो । नत्र टिक्न बस्न नसकिने भयो । अब हामी जस्तालै कहाँ जाने, के गर्ने? झन मानिसहरू बढ्ता शिक्षित भए, देशमा विकास हुन थाल्यो भनेको त खोक्रो धाकरवाफ बढेर पो दुनियालाई खान थाल्यो । मनुष्यजन्मको सार्थकता कता ! धिक्कार होस् !

अतः आदर्श समाज—व्यवस्थाका विधातक अवरोधक त्यस्ता मानवाकार सामाजिक रोगका कीटाणुहरूको यस्तो तडकभडक नीतिलाई समाजले,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्कारले समयमा नै दृढ़ताका साथ नियन्त्रण गरिहाल्नुपर्दछ । समाजको लागि सदा चिन्ताजनक भएकोले यसलाई मानो रोग संज्ञन हुँदैन । यस्तो रोगलाई समयमा नै नियन्त्रण गर्न नसक्ता नै अहिले छिमेकी देश भारतका लाखौं परिवारहरूले नराम्रोसंग त्यसको दुष्परिणामलाई भोगिरहनुपरेको छ । त्यहाँ त यस्तो खर्चिलो तडक भडक नीतिको त अब झुरै छैन । यस्को पराकाष्ठापछि उब्जने योभन्दा धेरै माथिको भयङ्कर रोग दाइजोप्रथाको पो जतातर्फ आक्रमण छ । दाइजो बोलकबूलविना त त्यहाँ छोरीको विवाह हुन सक्तैन । त्यसमा पनि पूर्व अनुमोदित, पूर्वप्रतिज्ञात दाइजोबाट पनि असन्तुष्ट कति नृशंस, आत्मविहीन, पिशाचप्र कृतिका पतिहरुले निरपराध आपना साध्वी पत्नीहरूलाई जीवनभर त्याग अवहेलना र यातनाको दण्ड मात्र दिईरहेका छैनन् प्रत्युत पत्नीको शरीरमा पेट्रोल मट्टीतेल खन्याईदिएर आगो सल्काईदिएर अतिहृदयविदारक ढङ्ग बाट मारिदिएको (त्यसो भए फेरि अर्कोलाई विवाह गर्ने र नयां दाइजो लिने चान्स आउन सक्ने भयो) शोचनीय खबर समेत दुर्भाग्यवश अखबारमा पढनु परेको थियो । तडक भडकसंग विवाह गरिदिन नसक्ने र दाइजो दिन आँठ गर्न नसक्ने अभिभावकहरु कतिका छोरीहरुले निराश भएर त्यहाँ आत्महत्या गरेका छन् । विवाह आदिमा अपनाइन चालेको यस तडक भडक प्रथाले हाम्रो समाजलाई पनि अब नसोचे क्रमशः त्यही सामाजिक दुर्व्यवस्थामा पुऱ्याउनेछ । यसमा शंका छैन । किनभने यो तडकभडकप्रथाको रोग भन्दा माथिल्लो तहको दाइजोप्रथारुपी रोग पनि हाम्रो देशमा छिटै बढ्दै जाने सम्भावनामा नै छ । जब कि हाम्रा नराइका जिल्ला मञ्चल-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का यस्तै तडक भडक प्रथाका समर्थक, प्रवर्तक अतएव धेरै धनसम्पन्न-को लागि सदा नयार कतिपय अधिकारप्राप्त ओहदाधारीज्यूहरुबाट वर्षेनी (जनही कति रू. मा हो ?) नेपाली नागरिकताको प्रमाणपत्र बेचेर, दाइजो प्रथाका सहोदर हजारौं विदेशी व्यक्तिहरुलाई देशभित्र आयात गरिन थालेको खबर पनि अखबारमा यदाकदा पढिरहिएको छ। अब संगठनहरुले सरकारलाई उपर्युक्त प्रकारबाट विवाह आदि चाडबाड-मा अनावश्यक खर्चिलो तडकभडक देखाउने र अनावश्यक दाइजो लिने दिने सामाजिक अपराधीहरुलाई २ वर्षको कैद वा ५० हजार जरीमान वा दुवै सजाय दिन सक्ने कानून बनाउनको लागि (अहिले कानूनमा जे सजाय होस) प्रेरित गर्नुपर्छ र यस कुरीतिको विरुद्ध भावनाको व्यापक सृजनको लागि जनतामा प्रचार गर्नु पर्दछ। यो काम जिल्ला महिला संगठन र युवक संगठनलाई साधन र सहुलियतका साथ सुम्पिनु पर्दछ। उनीहरुले पनि प्रारंभिक समिति सम्मलाई साधन सहुलियतका साथ सक्रिय तुल्याउनुपर्दछ। समाजको स्थायी सुधारको लागि दुई चार करोडसम्म पनि सरकारले खर्च गर्नु पर्दछ। यो कार्यक्रमलाई सफल पार्न जनतामा प्रचार अभियानको आवश्यकता छ। अतः साधन सहुलियतको कमी हुन हुंदैन।

तेस्रो कार्यक्रमः—

(३) यो तेस्रो कार्यक्रम त्यस प्रस्तावको विरोधमा छ, जसलाई परिवारनियोजनसंघले हालसालै छलफलमा ल्याएको छ। त्यो यस निम्ति ज्यादै खतरनाक र ज्यादै भयानक छ कि त्यसले विश्वको अगाडि हाम्रो धर्म र संस्कृतिको परिहास गर्दछ र राष्ट्रनायक स्व. श्री ५ महेन्द्रबाट घोषित हिन्दूराज्यको आदर्श र प्रतिष्ठालाई आर्यघाटमा प्र-घाएर सेलाइदिन्छ पनि। यसमा कुनै शंका छैन। गर्भपातलाई वैध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तुल्याउने नै त्यस प्रस्तावको स्पष्ट उद्देश्य छ।

गर्भपात वैध हुनुपर्छ भन्नुको तात्पर्य हो—मातृजाति पुरुष जाति को एक भोग्य वस्तु मात्र हुन् सीता र द्रौपदीका कथा हालेर पतिव्रत-धर्मको प्रचार गर्नु केवल स्त्रीजातिलाई फुस्त्याएर सदा दासी बनाएर फन्दामा हाल्ने षड्यन्त्र गर्नु हो। मातृजाति भनेर यिनको खास महिमा थरु केही छैन। यौन संयोगलाई जिएर को र कोसंग भन्ने प्रश्न गर्नु, नानाथरि बन्देज लगाउनु अप्राकृतिक कुरा हो।

यस प्रकारसंग मातृजातिको निम्ति हामीले आजसम्म गरिरहेको छ मानमर्यादा र प्रतिष्ठामा डढेलो लगाउने यस प्रस्तावको विरुद्ध सगठन—हरुले प्रारम्भमै जिल्ला जिल्लामा जुलुस गरेर कन्याली पिटेर जनमत तयार गर्नुपर्छ, ताकि यो प्रस्ताव पारित हुन नसकोस र हिन्दू राज्यको मर्यादा चकनाचूर हुन नपाओस। सत्रुले लहरो तान्दा पहरो थर्कन्छ भनेजस्तो, गर्भपातलाई वैध गरिदिने होभने कन्याहरुको बिवाह गर्दा कन्यादानको विधि अब किन चाहियो? पवित्र लक्ष्मीरुप कन्छेर पो कन्यादान गर्दा गोडा धोएर जल खाएको, अब त्यो किन चाहियो? त्यस्ता स्खलित भइसकेका स्त्रीले विवाहित पतिकै लतमा बस्ने व्रत पो किन लिनु पर्‍यो? अनि कहाँ कहाँ के के पर्दै जान्छ, ककसवाट कस्ता कस्ता बच्चा जन्मिएर, हुकिएलान् तिनको निम्ति हिन्दूजातिका संस्कारका कुरा अब किन चाहिए? हिन्दूराज्य किन चाहियो? अछ त्योभन्दा माथि माथिकै कुरा पनि किन चाहियो? अतः यो किसिमको सांस्कृतिक सर्वनाशको प्रसंग नआओस् भनेर समाजको सर्वाङ्गीण कल्याणको निमित्त आफ्नो संस्कृतिअनुसारको वैवाहिक आदर्शको संर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षण गर्नुका साथै उपर्युक्त तीन कार्यक्रम सफल पारेर पूजनीय मातृ-जातिको दुःखदायक निर्यातको पार्न बन्द गर्न र उनीहरुको सनातन मानमर्यादा एवं प्रतिष्ठाको संरक्षण गर्न केन्द्रीय महिलासंगठन र केन्द्रीय युवक संगठनसंग देशव्यापी सांस्कृतिक संघर्ष गर्नको लागि म विनम्र अनुरोध गर्दछु । श्री ५ को सरकारले ०३३ सालमा यस सुधार विधेयमा कानून बनायो । ०४० साल मार्गमा लागू गर्ने उद्घोष गऱ्यो, तत्पश्चि सर्वत्र शून्यसाम्य भयो । माघ महीना भरि समाजको तथाकथित भ्रष्ट तत्वहरूले अति विवाह आदी चाडबाड गरे, तिनमा आफ्नो संस्कारघाती रीति र परंपरानुसार नै गरे । यसले धेरै कामको बोझ बोकेको सरकारको कदमको आशा नगरेर संगठनले कर्तव्य सझेर आफ अघि बढनु पर्दछ र सम्पूर्ण जनताको पुस्तान पुस्ताको कल्याणको निमित्त आवश्यक सामाजिक व्यवस्था कायम गर्न उठाइएको यस संघर्ष-लाई सफल पार्न हरेक दृष्टि र साधनले श्री ५ को सरकारले पनि संगठनलाई खुला दिलले साथ दिनुपर्दछ । जयतु संस्कृतम् ।

उद्घोष:—

१. विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल जिन्दाबाद !
२. मातृजातिको निर्यात रोक्नु र प्रतिष्ठा राख्नु हाम्रो राष्ट्रिय कर्तव्य हो ।
३. १६ वर्ष पुगे बिस्तिकै छोरीको विवाह गरिहाल
४. विवाहको तडकभडक प्रथा सामाजिक अपराध हो ।
५. बाइजोप्रथा सामाजिक कलंक हो ।
६. गर्भपातको प्रस्ताव रद्द गर ।
७. मातृजातिको निर्यात रोक्नु र प्रतिष्ठा राख्नु हाम्रो राष्ट्रिय कर्तव्य हो ।
८. विश्वको एक मात्र हिन्दूराष्ट्र नेपाल जिन्दाबाद ।

०४० माघ २० गते ।

(२०)

Jayatu Sanskritam, Kathmandu, Nepal